पाठ १३

# यूहन्ना १३

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशूले आफ्ना चेलाहरूका खुट्टा धुनुभएको
आफ्नो पक्राउबारे येशूको भविष्यवाणी
नयाँ आज्ञा
पत्रुसको इन्कारबारे येशूको भविष्यवाणी

---

## येशूले आफ्ना चेलाहरूका खुट्टा धुनुभएको

---

यूहन्ना १३:१-२० पढ्नुहोस्।

निस्तार-चाडमा, मानिसहरूका पापका निम्ति थुमाहरूलाई बलिदान चढ़ाइन्थ्यो। यसरी निस्तार-चाडको दिनमा परमेश्वरका थुमा, येशू संसारका पापहरूका निम्ति मर्नका लागि जाँदै हुनुहुन्थ्यो। तर त्यसभन्दा पहिले उहाँले आफ्ना चेलाहरूलाई एउटा पाठ



सिकाउनुपरेको थियो। उहाँको राज्यमा सबैभन्दा ठूलो को हो भन्ने सम्बन्धमा तिनीहरूले बहस गरिरहेका थिए। साँचो महान्ताचाहिँ अरूहरूको सेवा गर्नु हो भनी उहाँले तिनीहरूलाई सिकाउन चाहनुभएको थियो।



दासले पाहुनाहरूको खुट्टा धुनुपर्ने चलन त्यहाँ थियो। वा एउटा साथीले अर्को साथीको खुट्टा धोएर उसलाई आदर गर्न सक्थ्यो। तर कुनै पनि चेलाहरू दासको काम गर्न र एक-अर्काको खुट्टा धुनका लागि इच्छुक थिएनन्। यसैले येशूले तिनीहरूका खुट्टा धुनुभयो!

तिनीहरू कति धेरै लज्जित भए! आफूले गर्नका लागि अति नै नीच काम भनी तिनीहरूले सोचेको काम परमेश्वरका पुत्र येशूले गर्नुभयो! तिनीहरूलाई अझै आरामदायी बनाउनका लागि तिनीहरूका मालिकले कमारोको ठाउँ लिनुभएको थियो! यदि हामी येशूलाई पछ्याउन चाहन्छौं भने, हामी आफैले आफैलाई नम्र तुल्याउनुपर्छ र अरूहरूलाई सहयोग पुऱ्याउनका

लागि जे-जे गर्न आवश्यक छ सो हामीले गर्नेपर्छ। योचाहिँ "तिनीहरूका खुट्टा धुने" हाम्रो तरीका हो।

येशूले अर्को पाठ सिकाउनुभयोः हाम्रा भूलहरूबाट दैनिक रूपमा हामीलाई सफा पार्नका लागि हामीले उहाँलाई दिनुपर्छ। त्यस बेलुकीको खाना खाने ठाउँमा जानुभन्दा पहिले चेलाहरूले नुहाइसकेका थिए, तर धूलो बाटोमा हिँड्दैजादा तिनीहरूका खुट्टा फोहोर भएका थिए। उद्धार पाउनु भनेको नुहाउनुजस्तै हो। जब हामी येशूलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्छौं, उहाँले हाम्रा सबै पापहरूलाई धुनुहुन्छ। तिनीहरू सधैँका निम्ति गएका र बिर्सिएका छन्। तर दिन प्रतिदिन, जीवनद्वारा हामी हिँड्दा, कहिलेकहीँ हाम्रा "खुट्टाहरू फोहर बन्छन्।" हामीले गर्न नहुने कामहरू हामी गर्छौं। हामीले फेरि पूरै रूपमा उद्धार पाउनु आवश्यक छैन तर हामीले हाम्रा भूल र पापहरूलाई येशूकहाँ लैजानुपर्छ र ती सबै धुनका लागि उहाँलाई दिनुपर्छ।

## तपाईंको अभ्यासको निम्ति

१ आफ्ना चेलाहरूले एक-अर्काको सेवा गर्नुपर्छ भनी तिनीहरूलाई सिकाउनका लागि येशूले के गर्नुभयो?

**क.** उहाँले दासको स्थान लिनुभयो र तिनीहरूका खुट्टा धुनुभयो।

**ख.** मानिस बन्नका लागि उहाँले कसरी स्वर्ग छोड्नुभयो सो उहाँले बताउनुभयो।

**ग.** उहाँले चेलाहरूका निम्ति खाना बाँड्नुभयो।

२ तपाईंसँग केही भूलहरू छन्, जसबाट तपाईं छुटकारा पाउन चाहनुहुन्छ? ......................। ती कुराहरूका बारेमा येशूसँग कुराकानी गर्नुहोस्।

## आफ्नो पक्राउबारे येशूको भविष्यवाणी

यूहन्ना १३:२१-३० पढ्नुहोस्।

आफूलाई कसरी धोखा दिइनेछ भन्ने कुरा येशूलाई थाहा थियो। उहाँका आफ्नै चेलाहरूमध्ये एक जना यहूदा, उहाँका विरुद्धमा खड़ा भयो। यहूदाको एउटा समस्याचाहिँ ऊ रुपियाँपैसाको प्रेमी थियो। ऊचाहिँ खजाञ्ची थियो र साझा थैलीबाट चोर्नेगर्थ्यो। यो सानो कुराजस्तो देखिन्छ तर एउटा पापले अर्को पापतर्फ लैजान्छ। यहूदाले तीस टुक्रा चाँदीमा येशूलाई उहाँका शत्रुहरूका हातमा सुम्पिदियो। उसले आफ्नै प्राण र ख्रीष्टको राज्यमा आफ्नो स्थानलाई बेच्यो।

> "किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड यो" (१ तिमोथी ६:१०)।

**तपाईंको अभ्यासको निम्ति**

३ आफूलाई धोखा दिइनेछ भन्ने कुरा के येशूले आशा गर्नुभएको थियो?

**क**. उहाँले आशा गर्नुभएको थिएन।

**ख**. हो, आशा गर्नुभएको थियो, तर कसले उहाँलाई धोखा दिन्छ भन्ने कुरा उहाँलाई थाहा थिएन।

**ग**. हो, यहूदाले आफूलाई धोखा दिन्छ भन्ने कुरा उहाँलाई थाहा थियो।

**४** रुपियाँपैसाप्रति भएको आफ्नो प्रेमको कारण, तिनीहरूमध्ये कसैले पनि आफ्नो प्राण नगुमाओस् भनी आफ्ना मित्रहरूका लागि प्रार्थना गर्नुहोस्।



---

**नयाँ आज्ञा**

---

यूहन्ना १३:३१-३५ पढ्नुहोस्।

येशूले फेरि आफ्ना चेलाहरूलाई आफ्नो मृत्युको बारेमा बताउनुभयो कि उहाँ त्यस घड़ी जहाँ जाँदैहुनुहुन्छ, तिनीहरू उहाँसँग आउन सक्नेछैनन्। तिनीहरू यस पृथ्वीमा रहेर यस्तो किसिमले जिउनुपर्नेछ कि तिनीहरू अरूहरूभन्दा फरक छन् भन्ने कुरा सबै मानिसहरूले जान्नुपर्नेछ। उहाँले तिनीहरूलाई प्रेम गर्नुभएझैं तिनीहरूले पनि एक-अर्कालाई प्रेम गर्नुपर्नेछ। हामीले दैनिक रूपमा पछ्याउनुपर्ने यो अति महत्त्वपूर्ण आज्ञा हो।

### तपाईंको अभ्यासको निम्ति

**५** येशूले आफ्ना चेलाहरूलाई दिनुभएको नयाँ आज्ञा के थियो?

**क.** तिनीहरूले हरेक दिन एक-अर्काको खुट्टा धुनुपर्छ।
**ख.** तिनीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्छ।
**ग.** तिनीहरूले रुपियाँपैसाको थैलोबाट चोर्नुहुँदैन।

## पत्रुसको इन्कारबारे येशूको भविष्यवाणी

यूहन्ना १३:३६-३८ पढ्नुहोस्।

परमेश्वरले प्रतिज्ञा गर्नुभएका अगमवक्ता येशू नै हुनुहुन्छ भन्ने कुरा तपाईंले सिकिसक्नुभएको छ। हुने घटनाहरूका सम्बन्धमा परमेश्वरले अगमवक्ताहरूलाई देखाउनुहुन्छ। तब यी घटनाहरू हुनुभन्दा पहिल्यै ती घटनाहरूका सम्बन्धमा अगमवक्ताहरूले भविष्यवाणी गर्छन्। तपाईंले येशूका धेरै भविष्यवाणीहरूलाई पढ्नुभएको छ, उहाँले भन्नुभयो कि उहाँलाई 'उठाइनेछ', क्रूसमा टाँगिनेछ, यहूदाले उहाँलाई धोखा दिनेछ, पत्रुसले उहाँलाई चिन्दिनँ भनी इन्कार गर्नेछन्।

अरू चेलाहरूभन्दा आफू आत्मिक रूपमा बलियो छु भनी पत्रुसले विचार गरेका थिए। उनी कति धेरै कमजोर छन् भन्ने कुरा येशूलाई थाहा थियो र उहाँले उनको लागि प्रार्थना गरिरहनुभएको थियो।

## तपाईंको अभ्यासको निम्ति

**६** येशूले भविष्यवाणी गर्नुभयो कि पत्रुस

**क.** मण्डलीका शिर हुनेछन्।
**ख.** जहिले पनि उहाँमा सत्यवादी हुनेछन्।
**ग.** ले उहाँलाई तीन पल्ट इन्कार गर्नेछन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) उहाँले दासको स्थान लिनुभयो र तिनीहरूका खुट्टा धुनुभयो।

५ ख) तिनीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्छ।

३ ग) हो, यहूदाले आफूलाई धोखा दिन्छन् भन्ने कुरा उहाँलाई थाहा थियो।

६ ग) पत्रुसले उहाँलाई तीन पल्ट इन्कार गर्नेछन्।